छत्रेश्वरी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

भोटेचौर, सल्यान

**करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०७५/०६/०९)

छत्रेश्वरी गाउँकार्यपालिकाको मिति २०७५/०४/०४गतेको निर्णयानुसार तपसिलका पदहरुमा करार सेवामा पदपुर्ति गर्नु पर्ने भएकोले तपसिलको शर्तहरुको अधीनमा रही काम गर्न इच्छुक देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट आवेदन आह्वान गरिएको छ।

**मागगरिएको पदहरु :**

| क्र.स. | विज्ञापन नम्वर | पद | पद संख्या |
|---|---|---|---|
| १ | १३/२०७५-७६ | इन्जिनियर (सिभिल) | १ (एक) |
| २ | १४/२०७५-७६ | सव-इन्जिनियर(सिभिल) | २ (दुई) |
| ३ | १५/२०७५-७६ | सव- इन्जिनियर( आर्केटेक्ट ) | १ (एक) |
| ४ | १६/२०७५-७६ | असिस्टेन्ट सव-इन्जिनियर (सव ओभरसियर ) | १ (एक) |

- **न्यूनतम शैक्षिक योग्यता :**
  **(क) इन्जिनियर (सिभिल) को हकमा :** नेपाल सरकार द्वारा मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ्गमा कम्तिमा स्नातक तह वा सो सरह उतिर्ण गरी नेपाल इन्जिनियरीङ काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ।
  **(ख) सव-इन्जिनियर (सिभिल) को हकमा** : नेपाल सरकार द्वारा मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ्गमा कम्तिमा डिप्लोमा वा प्रमाणपत्र तहवा सो सरह उतिर्ण गरेको हुनुपर्नेछ।
  **(ग) सव- इन्जिनियर (आरकेटेक्ट) को हकमा** : नेपाल सरकार द्वारा मान्यताप्राप्त शैक्षिक संस्थाबाट आर्किटेक्चर इन्जिनियरिङ्गमाकम्तिमा डिप्लोमावा प्रमाणपत्र तहवा सो सरह उतिर्ण गरेको हुनुपर्नेछ।
  **(घ) असिस्टेन्ट सव-इन्जिनियर (सव आभरसियर) को हकमा :** नेपाल सरकार द्वारा मान्यता प्राप्त शैक्षिक संस्थाबाट १५ महिने सव-ओभर सियर कोर्ष वा सो सरह कोर्ष उतिर्ण गरेको हुनुपर्ने छ।
- **परीक्षाको किसिम** : प्रयोगात्मक र अन्तरवार्ता।
- **आवेदन दिनुपर्ने अन्तिम मिति** : २०७५/०६/२३ (सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र)
- **परिक्षा मिति :** दरखास्त दिने अन्तिम दिन तोकिने छ।
- **आवेदन बुझाउने स्थान** : छत्रेश्वरी गाउँकार्यपालिकाको कार्यालय (भोटेचौर), सामान्य प्रशासन शाखामा, आवेदन साथ शैक्षिक योग्ताको प्रमाणपत्र, नागरिकता लगायत अन्य आवश्यक कागजातको प्रतिलिपि पेश गर्नुपर्नेछ।
- **फाराम दस्तुर :** इन्जिनियरको हकमा रु १०००। सव- इन्जिनियरको हकमा रु ७००।-, असिस्टेन्ट सव-इन्जिनियरको हकमा रु ५००।-गाउँपालिकाको नेपालइन्भेष्टमेन्ट बैंक लिमिटेड लान्ती सल्यानमा रहेको खाता नं. ०७२०१०४०२५००९२मा जम्मा गरी भौचर फारम साथ बुझाउनु पर्नेछ।
- **दरखास्त दर्ता :** दरखास्त फाराम गाउँपालिकाले तोकेको ढाँचामा भरी गाउँ कार्यपालिकाको कार्यालय, भोटेचौर मा तोकिएको अवधि भित्र बुझाई सक्नुपर्नेछ।
- **तलब स्केल** : नेपाल सरकारको प्रचलित स्केल अनुसार।
- **अन्य सुविधा** : नेपाल सरकारको नियमानुसार।
- **काम गर्नुपर्ने स्थान** : छनौट भएका सफल उम्मेदवारहरुले गाउँपालिका लगायत तोकिए बमोजिमका वडा कार्यालयहरुमा प्राविधिक सम्बन्धी काम गर्नुपर्नेछ।

२०७५/०६/०९

प्रमुख प्रशासकीय अधिकृत